१४) महिला मैत्री कृषि उपकरणहरु प्रयोगमा ल्याई महिलाहरुलाइ कृषि मार्फत् आर्थिक ससक्तिकरणमा लैजाने नीति लिइने छ । एकल महिला तथा महिला घरमुली भएका परिवारलाइ विशेष प्राथमिकतामा राखिने छ ।

१५) वर्गिकरणमा आधारित कृर्षक परिचय पत्रको व्यवस्था गरी सबै खालका अनुदान, सामाजिक सुरक्षा र जोखिम व्यवस्थापन वर्गिकरणका आधारमा उपलब्ध गराईनेछ ।

१६) कृषि उत्पादनमा हुने जोखिम न्यूनीकरण र क्षति व्यवस्थापन गर्न जलवायु मैत्री स्थानीयकृत कृषि विमा र कृर्षक मौसम सल्लाह सेवा लागू गरिनेछ ।

**ख) पशु विकास सम्वन्धि नीति :**

१) गाउँपालिका भित्र बाखापालन कार्यक्रम लाई अभियानको रुपमा लैजानुका साथै मासुमा आत्मनिर्भर वनाउने उदेश्यले विपन्न कृर्षक परिवारको जीविकोपार्जनमा समेत परिवर्तन गर्ने गरि **“बाखा पैंचो कार्यक्रम”** र पालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर वनाउनुका साथै ब्यवसायिक रुपमा पशुपालन कार्यलाई प्रोत्साहन गर्ने उदेश्यले **“गाई भैसि सुत्केरी खर्च”** कार्यक्रम संचालन गरिनेछ ।

२) गाउँपालिका क्षेत्रभित्रका पशुहरुको लगत लिने तथा सामुदायिक पशुहरुलाई प्रभावकारी रुपमा ब्यवस्थापन गरिनेछ । साथै व्यवसायीक पशु पालकहरुलाई नामरुङ पशुपालन कार्यक्रम अन्तर्गत प्रोत्साहीत गरिनेछ ।

३) प्रत्येक वडामा उत्कृष्ट पशुपालकहरु छनौट गरी सम्मान कार्यक्रम सहित पुरस्कृत गरिनेछ ।

४) दरौदी करीडोरलाई माछा पकेटको रुपमा विकसित गर्दै लैजाने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५) सिरानचोक गाउँपालिका ३ हर्मीलाई भैसी पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

६) व्यवसायिक रुपमा पशुपालन गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

७) व्यवसायीक पशुपालक किसानहरुको पशु बिमा गरिनेछ ।

८) गोठ सुधार जस्ता कार्यक्रमलाई अगाडि बढाउने नीति लिइनेछ ।

९) पशुपालन एवमं माछा पालन व्यवसायलाई प्रोत्साहन गर्न व्यवसायीक कृर्षक मार्फत साझेदारीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

१०) मासुजन्य तथा दुधजन्य उत्पादनमा वृद्धि गर्न पशुपालक कृषकहरुलाई प्रोत्सान कार्यक्रम संचालन गरिनेछ ।

११) गाउँपालिकालाई अण्डा, मासु र दूधमा ४ बर्ष भित्रमा आत्मनिर्भर बनाउन अण्डा, मासु र दूध विशेष उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

१२) दरौदी करीडोरमा दुग्ध उत्पादन गर्नेगरी व्यवसायिक गाई पालन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ ।

१३) पशुपालन व्यबसायमा नश्ल सुधार कार्यलाई जोड दिदै कृर्तिम गर्भाधान गर्ने व्यवस्था गरिनेछ ।

१४) स्थानीय जातका बाख्राहरुको नश्ल सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१५) नर्सरी ब्यवस्थापन गरि घाँसमा आधारित पशुपालन ब्यवसायमा जोड दिईनेछ ।

१६) पशुपालन ब्यवसायमा देखिएको घासको संकटलाई मध्यनजर गरि डालेघास, नर्सरी र विरुवा वितरण गरिनेछ ।

**ग) राजस्व परिचालन सम्बन्धी नीतिहरु**

३) आधारभूत स्वास्थ्य सेवाका लागि जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा सबै वर्ग र समुदायका जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने उद्येश्यले प्रत्येक वडामा विशेषज्ञद्धारा घुम्ती शिविर संचालन गरिनेछ ।

४) खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य संग सम्वन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयं सेविकालाई परिचालन गरिनेछ ।

५) स्वास्थ्य बिमा कार्यक्रम, जटिल रोग सम्बन्धी घुम्ती शिविर सञ्चालन र स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

६) गाउँपालिकाको केन्द्रमा संघीय सरकारको सहयोग र समन्वयमा पालिका स्तरीय कोल्डचेन्जको स्थापना गरिनेछ साथै गाँखु स्वास्थ्यचौकीलाई पाँच शैँयाको अस्पतालमा स्तरोन्ती गर्न पहल गरिनेछ ।

७) थालाजुङ स्वास्थ्य चौकीमा थालाजुङ स्वास्थ्य सामुदायीक विकास सँग साझेदारी गरी चिकित्सक सहितको सेवा शुरु गर्न पहल गरिनेछ ।

८) जौबारी स्वास्थ्य अस्पतालमा अल्ट्रासाउन्डको सेवा शुरुवात गरिनेछ ।

९) संघीय सरकार सँगको साझेदारीमा जौबारी प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्ती गरी गाउँपालिका स्तरीय १५ शैँयाको जौबारी अस्पतालमा परिणत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०) श्रीनाथकोट, हर्मी र छोप्रक स्वास्थ्यचौकीको भवन निर्माण कार्यको शुरुवात यसै वर्ष देखि गरिनेछ ।

११) सिरानचोक गाउँपालिका वडा नं. ४ मा रहेको चोरकाटे स्वास्थ्य सामुदायीक इकाईलाई स्तरोन्नती गरी आधारभूत स्वास्थ्यचौकीमा यसै वर्ष देखि विस्तार गरिनेछ।

१२) **"सिरानचोक सुरक्षित मातृत्व कार्यक्रम अर्न्तगत"** स्वास्थ्य चौकीमा सुत्केरी हुँदा सुत्केरी महिलालाई पोषिलो झोला र सुत्केरी गराउने स्वास्थ्य संस्थालाई प्रोत्साहित गरिने छ । साथै सिरानचोकको स्वास्थ्य संस्थामा जन्मिएको वच्चाको नाममा नगद रकम सहित बैंकमा बाल वचत खाता संचालन गर्ने ब्यवस्था गरिने छ ।

१३) गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुको आर्थिक वर्ष २०७७/०७८ देखि लागू हुने गरि सिरानचोक गाउँपालिकाद्धारा वार्षिक स्वास्थ्य बीमा गरिनेछ ।

१४) मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे जनचेतना अभिबृद्धि गरिनेछ ।

१५) गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य क्लिनिकहरुको क्रमिकरुपमा स्तरोन्नती गरी सञ्चालन गरिनेछ तथा सरकारले तोकेबमोजिमका औषधी निःशुल्क वितरण गरिनेछ

१६) "**उपाध्यक्ष आमा स्वास्थ्य कार्यक्रम**" अर्न्तगत प्रत्येक वडामा आमा समूह स्वास्थ्य बैठक कार्यक्रम लाई निरन्तरता दिदै नियमित रुपमा सुत्केरी भेट, मोवाईल स्वास्थ्य, गर्भवती स्याहार अभियान जस्ता कार्यक्रमलाई पनि यसै कार्यक्रम अर्न्तगत संन्चालन गरिनेछ ।

१७) जेष्ठ नागरिक स्वास्थ्य भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८) अति विपन्न परिवारका सदस्यहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै **"श्रीनाथ विपन्न परिवार स्वास्थ्य बिमा कार्यक्रम"** संन्चालन गरिनेछ ।

